श्री ५ को सरकार

# अर्थ मन्त्रालयको

## सूचना

कर फछ्र्यौट आयोग ऐन, २०३३ को दफा ३ र दफा ५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायबमोजिम अध्यक्ष तथा सदस्यहरू भएको ३ सदस्यीय कर फछ्र्यौट आयोग गठन गरी देहायबमोजिम काम कर्तव्य तोकिदिएको छ।

१. प्रचण्डराज अनिल, माननीय अतिरिक्त न्यायाधीश पश्चिमाञ्चल क्षेत्रीय अदालत– अध्यक्ष

२. स्वयंभू कृष्ण कंसाकार, मुख्य लेखा अधिकृत कर्मचारी संचय कोष– – सदस्य

३. भुवनेश्वर खत्री, महा–निर्देशक कर विभाग– – – – – सदस्य

४. आयोगले आर्थिक वर्ष २०३१।३२ र सोभन्दा अगाडिका वर्षहरूको कर कार्यालयमा पेश भैसकेका वा पेश हुन बाँकी भएका आय विवरणहरू. उक्त वर्ष सम्ममा राजस्व न्यायाधीकरणमा विचाराधीन रही करदाताले आयोगबाट निर्णय गराई पाउन निवेदन दिई आयोगले स्वीकृति प्रदान गर्ने आयकर सम्बन्धी केशहरू र पुनरावेदन पनि नदिएको कर बुझाउने म्याद पनि गुज्रिसकेको ०३१।३२ र सोभन्दा अघिको कर निर्धारण आदेशमा करदाताको निवेदन परी आयोगले दोहऱ्याई हेर्ने निर्णय गरेको आयकरका केशहरूको फछ्र्यौट गर्नेछ।

५. आयोगको कार्य–अवधि काम शुरू गरेको मितिले १ वर्षको हुनेछ।

आज्ञाले–
नरकान्त अधिकारी
श्री ५ को सरकारको सचिव

१६८

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।